सियारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हर्नैया, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

(प्रशासन शाखा)

प.सं.:२०७९/०८०

च.नं.:

मिती:२०७९/१२/२३

सूचना ! सूचना !! सूचना !!!

सियारी गाउँपालिका कार्यपालिकाको मिती:२०७९/१२/२१ को निर्णय अनुसार तथा सुरक्षित नागरिक आवास समन्वय समितिको निर्णय अनुसार रुपन्देही जिल्ला निर्वाचन क्षेत्र नं ३ र ४ अन्तर्गत क्रमश:४६ र २४ कोटा प्राप्त भएकोमा सियारी गाउँपालिकाका सबै वडाहरुमा सुरक्षित नागरिक आवास निर्माण गर्न नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम उपयुक्त सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरबार विहिन भएका घर परिवाहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिबिको रेखामुनी रहेका पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरि सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५" को दफा १०(ख) अनुसार सम्बन्धित वडा कार्यालय मार्फत १० दिने सूचना जारी गर्ने निर्णय भएकोले सियारी गाउँपालिकाको क्षेत्रभित्र उपरोक्त अनुसारको घरधनीहरुले सियारी गाउँपालिका अन्तर्गतका सम्बन्धीत वडा कार्यालयबाट निशुल्क रुपमा निवेदनको नमुना प्राप्त गरि आवश्यक विवरण भरी १० दिन (मिती:२०८०/०१/०३) भित्र सम्बन्धीत वडा कार्यालयमा बुझाउनु हुन सम्बन्धीत सबैलाई अनुरोध गरिन्छ । साथै म्याद समाप्त भएपश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारबाही नहुने व्यहोरा समेत अनुरोध छ ।

.................................

नि० प्रमुख प्रशासकीय अधिकृत